# सूचनाको हक सम्बन्धी ऐन , २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको प्रगति विवरण

(Proactive Disclosure)

**२०७८ माघ १ देखि २०७८ चैत्र मसान्त सम्मको**




श्रीमान्

स्वत: प्रकाशनको प्रयोजनको लागि यसै बमोजिमको विवरण आयोगको वेबसाइटमा राख्नु पर्ने भएको हुँदा। निर्णयार्थ पेश गरेको छु।

**प्रकाशक**

राष्ट्रिय महिला आयोग

भद्रकाली प्लाजा, काठमाडौं

# सूचनाको हक सम्बन्धी ऐन , २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको प्रगति विवरण

(Proactive Disclosure)

**२०७८ माघ १ देखि २०७८ चैत्र मसान्त सम्मको**




## प्रकाशक

राष्ट्रिय महिला आयोग

भद्रकाली प्लाजा, काठमाडौं

# बिषय सूची


| | | |
|---|---|---|
| १ | आयोगको स्वरूप र प्रकृति | १ |
| २ | आयोगको काम,कर्तव्य र अधिकार | १ |
| ३ | आयोगको संगठन तालिका | ४ |
| ४ | आयोगको शाखागत कार्य विवरण | ६ |
| ५ | आयोगबाट प्रदान गरिने सेवा | ९ |
| ६ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | १० |
| ७ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १० |
| ८ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | १० |
| ९ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ११ |
| १० | सम्पादन गरेको कामको विवरण | ११ |
| ११ | राष्ट्रिय महिला आयोगको वेबसाइट | १४ |
| १२ | वैदेशिक सहायता सम्बन्धी विवरण | १४ |
| १३ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | १५ |
| १४ | सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय | १५ |
| १५ | सार्वजनिक निकायका सूचकहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | १५ |
| १६ | २०७८ माघ १ गतेदेखि चैत्र मसान्तसम्मको आर्थिक विवरण | १६ |


सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना जारी गर्ने निकाय : राष्ट्रिय महिला आयोग

सूचना सार्वजनिक गरेको अवधि : २०७८ माघ १ गतेदेखि चैत्र मसान्तसम्म

## १. आयोगको स्वरुप र प्रकृति :

महिलाहरुको हक हितको संरक्षण र संबर्द्धन गरी महिलाहरुलाई विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न वि.सं. २०५८ फागुन २३ गते (७ मार्च, २००२) गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट विधिवत रुपमा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । तत्पश्चात् २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन र २०६५ सालमा नियमावली जारी भई कार्य सञ्चालन हुँदै आएको थियो । वि.सं.२०७२ मा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेपछि आयोगको कार्य क्षेत्र र स्वरुप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ । आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने गरी संवैधानिक व्यवस्था गरिएको छ । आयोगले संवैधानिक स्वरुप प्राप्त गरे पश्चात् लामो अवधिपछि गत २०७७ माघ २१ गते अध्यक्ष र दुईजना सदस्यहरुको नियुक्ति भयो र अन्य दुईजना सदस्यहरूको मिति २०७८ आषाढ १० गते नियुक्ति भयो । आयोगले पूर्णता प्राप्त गरेसँगै राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरुलाई तदारुकताका साथ अगाडि बढाएको छ ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय महिला आयोग ऐन २०७४ अनुसार आयोगको उद्देश्य बुँदागत रुपमा निम्न बमोजिम रहेको छ ।

- महिलाको हकहित संरक्षण एवं संबर्द्धन गर्ने ।
- महिला सशक्तीकरण मार्फत विकासको मूल प्रवाहमा महिला वर्गलाई प्रभावकारी रुपमा समाहित गर्ने
- महिलाको समग्र विकास गरी लैंगिक न्याय कायम गर्ने
- लैंगिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरु तथा दस्तावेजको कार्यान्वयनको अनुगमन गर्ने ।

नेपालको संविधान २०७२ को धारा २५३ बमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ -

(क) महिलाको हक हितसँग सरोकार राख्ने, नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने ।

(घ लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धीत नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

२.२ राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम तोकिएको छ :–

क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ख) संविधान तथा कानून प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरुबारे सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एव. चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने वा गराउने ।

ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

झ) सदस्य तथा आयोगको कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

**आयोगले सम्पादन गर्दै आएका मुख्य कार्यहरु :**

क) महिलाको हक, हित र अधिकारको विषयमासचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख) नेपाल सरकार तथा अन्य निकायबाट सञ्चालन भएका महिला विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,

ग) महिला सरोकारका क्षेत्रमा अध्ययन, अनुसन्धान गरी सिफारिश गर्ने,

घ) सरोकारवाला निकायहरुसँग साझेदारी तथा समन्वय गर्ने,

ङ) खबर गरौं ११४५ हेल्पलाइन मार्फत् हिंसा पीडित महिलाहरुलाई सहयोग गर्ने ।

राष्ट्रिय महिला आयोग
सिंहदरबार प्लाजा, काठमाडौं

## ३ आयोगको संगठन तालिका

आयोगको स्वीकृत दरवन्दी र संगठन तालिका देहाय बमोजिम रहेको छ :-

### राष्ट्रिय महिला आयोगको संगठन संरचना

**सचिव**
रा.प.प्रथम (प्रशासन) - १

**प्रशासन तथा योजना शाखा :**
उपसचिव रा.प. द्वितीय (प्र./सा.प्र.) -१
शा.अ
रा.प.तृ. (प्र./सा.प्र.) -२
ना.सु रा.प.अनं.प्रथम (प्र./सा.प्र.) -५
क. अ.
रा.प.अनं.प्रथम (विविध) -२
हेल्पलाइन अपरेटर
रा.प.अनं.प्रथम विविध-२
ह.स.चा.
(श्रेणीविहीन) - ७
का.स (श्रेणीविहीन) -७

**उजुरी तथा मुद्दा व्यवस्थापन शाखाः**
उपसचिव रा.प. द्वितीय (न्याय/कानून) -१
शा.अ.,रा.प.तृ. (न्याय, स.व.) -१
म.वि.अ.
रा.प.तृ. (विविध) - १
मनोसामाजिक परामर्शदाता अधिकृत (स्वास्थ्य/छैटौं/सातौं) - १
मनोसामाजिक परामर्शदाता- (स्वास्थ्य/चौथो/पाँचौ) - १

**नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखाः**
उपसचिव रा.प. द्वितीय (प्र.,सा.प्र.) -१
कानून अधिकृत
रा.प.तृ. (न्याय, कानून) -१

**महिला विकास समन्वय शाखाः**
प्र.म.वि.अ.रा.प. द्वितीय (विविध) -१
म.वि.अ रा.प.तृ (विविध) -१
म.वि.नि रा.प.अनं प्रथम (विविध) -१

**आर्थिक प्रशासन शाखाः**
लेखा अधिकृत
रा.प.तृ. (प्र.,लेखा) - १
लेखापाल
रा.प.अनं.प्रथम (प्र.,लेखा) -१

**दरबन्दी तेरिज**

सचिव रा.प. प्र. (प्र) - १
उ.स. रा.प. द्वि. (प्र) -२
उ.स.कानुन रा.प. द्वि - १
प्र.म.वि.अ. - १
शाखा अधिकृत रा.प. तृ -२
कानुन अधिकृत रा.प.तृ -१
शा.अ. स.व.रा.प. तृ -१
ले.अ. रा.प. तृ (सा.प्र)- १
म.वि.अ. रा.प. तृ (विविध) -१
मनोसामाजिक परामर्शदाता - छैटौ/सातौ -१
ना.सु. रा.प. अनं. प्र. (सा.प्र)- ५
ले.पा. रा.प.अनं. प्र. (प्र) - १
मनोसामाजिक परामर्शदाता. चौथो/पाचौ- १
म.वि.नि. रा.प. अनं. प्रथम - १
क.अपरेटर रा.प. अनं. प्र. विविध -२
हेल्पलाइन अप. -२

राष्ट्रिय महिला आयोगको नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी अनुसार आयोगमा हाल कुल ३८ दरबन्दी रहेको छ। जसमा राजपत्रांकित १२, राजपत्र अनंकित १२ र श्रेणीविहीन १४ दरबन्दी रहेको छ।यस अवधिमा कुल दरबन्दीमध्ये राजपत्रांकित ११ पद, राजपत्र अनंकित ११ गरी जम्मा २२ पद पूर्ति भएको छ भने श्रेणीविहिन पदहरू ह.स.चा. र कार्यालय सहयोगी ७ गरी १४ पद करारमा पदपूर्ति गरिएको एवं विभिन्न श्रेणीका २ पद रिक्त रहेको छ।

## पदपूर्तिको अवस्था :

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | १ | | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्वितीय | विविध | | १ | १ | - | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | - | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | - | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | - | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वास्थ्य | | १ | - | १ | |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | - | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | १ | - | काज |
| १५ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | विविध | | १ | १ | | काज |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | २ | | |
| १७ | हेल्पलाईन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | १ | १ | |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | | | ७ | ७ | - | |
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहीन | | | ७ | ७ | - | |
| २० | जम्मा | | | | ३८ | ३६ | २ | |

राष्ट्रिय महिला आयोग
भद्रकाली प्लाजा, काठमाडौं

आयोग अन्तर्गत सन् २०१७ देखि विश्व बैंकको सहयोगमा सञ्चालनमा रहेको "खबर गरौं ११४५ हेल्पलाइन सेवा" हाल नेपाल सरकारकै स्रोतबाट सञ्चालनमा रहेको छ । सो अन्तर्गत निम्न पदहरु कायम गरिएको छ ।

| क्र.स. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कानून अधिकृत | रा.प.तृतीय | २ | |
| २ | सूचना प्रविधि अधिकृत | रा.प.तृतीय | १ | |
| ३ | मनोसामाजिक मनोविमर्शकर्ता | रा.प.तृतीय | १ | |
| ४ | हेल्पलाइन अपरेटर | रा.प.अन.प्रथम | १० | |
| ५ | हलुका सवारी चालक | श्रेणी विहीन | १ | |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहीन | २ | |
| | जम्मा | | १७ जना | |

## ४. आयोगको शाखागत कार्य विवरण

आयोगमा रहेका शाखाहरुबाट निम्न बमोजिम कार्य सम्पादन हुने गरी जिम्मेवारी तोकिएको छ ।

**प्रशासन तथा योजना शाखा**

- अन्य शाखाहरुसँगको समन्वयमा व्यवस्थित रुपमा कार्यालय सञ्चालन गराउने,
- आयोगको सवारी साधन लगायत भौतिक स्रोत साधनको संरक्षण तथा व्यवस्थापन गर्ने,
- कर्मचारीहरुको व्यक्तिगत विवरण व्यवस्थापन सम्बन्धी कार्य,
- कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सम्बन्धी कार्य,
- तालिम,गोष्ठी, सेमिनार, बैठक सम्बन्धी कार्ये,
- पुरस्कार तथा विभागीय सजाय सम्बन्धी कार्य,
- आयोगमा रहेका कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,
- सूचना केन्द्रको व्यवस्थापन तथा अध्ययन अनुसन्धानसँग सम्बन्धी सामग्रीको संकलन र अभिलेख व्यवस्थापन गर्ने,
- नागरिक वडापत्र/गुनासा सम्बन्धी कार्य,
- खरीद गर्नुपर्ने सामानको सिफारिस गर्ने सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा आवधिक कार्ययोजना र रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,
- वार्षिक बजेट योजना तथा कार्यक्रम तयारी गर्ने,
- आयोगबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण योजना तयार गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना (Work Plan) कार्यान्वयन तथा अनुगमन निमित्त सुचकाङ्कहरु तथा लक्ष्य निर्धारण सम्बन्धी कार्य,

- ❖ आयोगका कर्मचारीहरुको क्षमता र वृत्ति विकास गर्ने सम्बन्धी कार्य,
- ❖ तथ्याङ्क संकलन र व्यवस्थापन, सूचना संकलन, संग्रह, अभिलेखन र सम्पादन सम्बन्धी कार्य गर्ने,
- ❖ हिंसा पीडित महिलालाई सहयोग पुऱ्याउन सञ्चालित ११४५ हेल्पलाईन सेवा व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ विश्वबैंकको सहयोगमा सञ्चालित सम्बोधन (IPGBVPR) परियोजना अन्तर्गत साझेदारको रुपमा रहेका संस्थाहरुको कार्यसम्पादनको अनुगमन गर्ने सम्बन्धी कार्य,
- ❖ अन्य शाखाको कार्य विवरणमा नपरेको कार्यहरु गर्ने ।

**ख) महिला विकास समन्वय शाखा**

- ❖ स्थानीयतहमा महिला विकास सम्बन्धी कार्यको व्यवस्थापन गर्न एकाइ, जनशक्तिको व्यवस्थापन र कार्यक्रमको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,
- ❖ लैङ्गिक सम्पर्क बिन्दुहरुको अवस्थाको लेखाजोखा गर्ने, लैङ्गिक सम्पर्क बिन्दुबाट भएका कार्यहरुको कार्यान्वयन पक्षको अनुगमन तथा समीक्षा गरी भूमिका प्रभावकारी बनाउन पृष्ठपोषण गर्ने सम्बन्धी कार्य,
- ❖ महिला तथा किशोरीमाथि हुने तथा भइरहेको हिंसा नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक कार्यक्रमहरु सम्बन्धी कार्य,
- ❖ महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य,
- ❖ महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भर, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनको लागि सम्बन्धित सरोकारवाला निकायसँग निरन्तर छलफल तथा समन्वय गर्ने कार्य,
- ❖ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका लागि पुरुष, किशोरकिशोरीहरु, अभिभावकहरुको सहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकाय तथा स्थानीयतहसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,
- ❖ विपद् व्यवस्थापन तथा प्रतिकार्यका सम्बन्धमा महिला तथा संकटापन्न समूहको विशेष संरक्षणको सम्बन्धमा गरिएका कार्यहरुको अनुगमन तथा पृष्ठपोषण सम्बन्धी कार्य,
- ❖ नेपालको संविधानमा महिला हक अधिकारसँग सम्बन्धित प्रावधान तथा व्यवस्था अनुसार महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको विवरण संकलन सम्बन्धी कार्य,
- ❖ लैङ्गिक समाानता तथा सशक्तीकरणका लागि बाधकको रुपमा रहेका प्रथा, परम्परा, कुरीति विरुद्धका अभियान आमसहभागितामा सञ्चालन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसा निवारणका लागि अल्पकालीन तथा दीर्घकालीन आश्रयसेवा प्रदान गर्ने तथा मनोसामाजिक विमर्शसेवा प्रदान गर्ने संस्थाहरुको विवरण अद्यावधिक गरी पीडितलाई सेवा आवश्यक भएको अवस्थामा सेवा प्रवाहका लागि कार्यरत संस्था तथा सम्वन्धित स्थानीयतहमा समन्वय गर्ने,
- ❖ महिला विकाससँग सम्वन्धित विभिन्न समसामयिक विषयमा अनुसन्धान गर्न गराउन सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,

- ❖ महिला केन्द्रित अर्थतन्त्र,महिलाको व्यवसायिक सीप, क्षमता विकास तथा बजार व्यवस्थापन सम्बन्धमा अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु,

## ग) नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

- ❖ महिलाको हकहितसँग सम्वन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- ❖ महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने कार्य,
- ❖ नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अधावधिक गर्ने सम्बन्धी कार्य,
- ❖ महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित मन्त्रालय /निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने कार्य,
- ❖ आयोगको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- ❖ आयोगले सम्पन्न गरेका कामहरुको विश्लेषण तथा भावी कार्यदिशाका सम्वन्धमा आवश्यक सुझाव तयार पार्ने सम्बन्धी कार्य,
- ❖ सञ्चार माध्यममा प्रकाशित महिला सरोकारका समाचारहरुको विश्लेषण गरी आवश्यक नीतिगत सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- ❖ सञ्चार माध्यम एवं महिला सरोकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने सम्वन्धी कार्य ।

## घ) उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

- ❖ आयोग विरुद्ध परेका रिट निवेदन सम्बन्धी कार्य,
- ❖ आयोगलाई आवश्यक परेको विषयमा कानूनी राय दिने सम्बन्धी कार्य,
- ❖ आवश्यक कानून निर्माण सम्बन्धी कार्य,
- ❖ आयोग र हेल्पलाइन अन्तर्गतका उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ आयोगमा प्राप्त हुन आएको उजुरी दर्ता, कार्वाही र प्रारम्भिक छानविन सम्वन्धी कार्य,
- ❖ उजुरी व्यवस्थापनको क्रममा आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा समन्वयका लागि सिफारिस र आदेश तयार गरी पेश गर्ने,
- ❖ कानून बमोजिम मेलमिलाप गराउने सम्बन्धी कार्य,
- ❖ उजुरी सिफारिसको अनुगमन सम्बन्धी कार्य,
- ❖ नीति निर्माण, कानून निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको विषयमा कानूनी राय प्रदान गर्ने सम्बन्धी कार्य,
- ❖ तत्कालीन घटना अनुगमन गरी सोको अनुसन्धान गर्ने र मुद्दा दायर गर्नुपर्ने तथा महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा दायर गर्ने सम्बन्धी कार्य,

❖ पीडितका लागि आवश्यक मनोसामाजिक परामर्श, निःशुल्क कानूनी सहायता, अल्पकालीन तथा दीर्घकालिन आश्रय तथा पुर्नस्थापना जस्ता सेवाका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
❖ महिला हिंसा नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य,
❖ महिलासँग सम्वन्धित कानूनी व्यवस्था र सोको कार्यान्वयन सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
❖ महिलाका हक हितसँग सम्बन्धित नीति तथा कानूनहरुको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकार समक्ष पेश गर्न सुझाव तयार गर्ने सम्बन्धी कार्य,
❖ महिला हिंसाका घटनासँग सम्वन्धित सूचनाहरुको अभिलेखीकरण र अध्ययन गर्ने गराउने सम्बन्धी कार्य,
❖ पीडितसँग आश्रित बालबालिका विशेष सेवा सम्बन्धी कार्य ।

## ५ आयोगबाट प्रदान गरिने सेवा :

यस आयोगले निम्न प्रकारको सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

→ महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यसमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र अनुगमन गर्ने,

→ नेपाल सरकार पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले पठाउनु पर्ने प्रतिवेदनको सम्वन्धमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने र सुझाव दिने,

→ लैङिगक बजेट विनियोजन भए नभएको, महिला मैत्री वातावरण भए नभएको अनुगमन गरी नेपाल सरकारलाई प्रतिवेदन उपलब्ध गराउने,

→ घरेलु हिंसा र महिला हिंसामा परेका पीडित महिलाहरुको उजुरी लिइ दुई पक्षबीच छलफल गराई आवश्यक प्रक्रिया अघि बढाउने । यसका साथै आयोगले विभिन्न संघसंस्थाहरुसँग समन्वय गरेर निम्नानुसारको थप सेवा पनि प्रदान गर्दै आइरहेको छ ।

→ मनोसामाजिक परामर्श सेवा : पीडितहरुलाई निजको स्थिति सामान्य गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।

→ कानूनी परामर्श सेवा : आयोगमा पीडितहरुको लागि निशुल्क कानुनी सेवा समेत उपलब्ध गराउन गरिएको छ ।

→ अल्पकालीन आश्रय सेवा : घर परिवारमा मिलेर बस्न नसक्ने पीडितहरुको सुरक्षालाई ध्यानमा राखी अल्पकालीन आश्रयस्थलको समेत व्यवस्था गरिएको छ ।

→ आकस्मिक सहायताः पीडितहरुलाई ध्यानमा राखी तत्काल औषधीउपचार, घरसम्म जान यातायात खर्च तथा खानपिनको लागि न्यूनतम सहयोग गर्दै आइरहेको छ ।

२०७८ माघ १ गतेदेखि चैत्र मसान्तसम्म आयोगमा परेका उजुरीको विवरण निम्नानुसार रहेको छ ।

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| माघ | १०७ | ११ | ११८ |
| फाल्गुण | १२५ | १२ | १३७ |
| चैत्र | ११५ | ७ | १२२ |

## ६ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखा | पद | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन तथा योजना शाखा | उपसचिव प्रशासन<br>शाखा अधिकृत<br>शाखा अधिकृत /सूचना अधिकारी | श्री ओमकार शाह<br>श्री विष्णु कुमारी न्यौपाने<br>रोशन अर्याल | |
| २ | महिला विकास समन्वय शाखा | प्रमुख महिला विकास अधिकृत<br>महिला विकास अधिकृत | श्री सीता अधिकारी<br>श्री रोशनी श्रेष्ठ | |
| ३ | उजुरी तथा मुद्दा व्यवस्थापना शाखा | उपसचिव कानून<br>सरकारी वकिल | श्री चमिला भट्टराई<br>श्री वर्षा ढकाल | |
| ४ | नीति निर्माण अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा | उप सचिव प्रशासन<br>कानून अधिकृत | श्री गिरीराज ज्ञवाली<br>श्री आश्रृती पोखेल | |
| ५ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | - | |

राष्ट्रिय महिला आयोग<br>भद्रकाली प्लाजा, काठमाडौं

## ७ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगमा उजुरी दर्ता गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

## ८ निर्णय गर्ने प्रक्रिया र अधिकारी

आयोगले संविधान तथा यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार कुनै पनि अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी अध्यक्ष, सदस्य वा कुनै सरकारी कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ९ निर्णय उपर उजुरी सुन्ने अधिकारी

माननीय सदस्य, कृष्ण कुमारी खतिवडा

## १० सम्पादन गरेको कामको विवरण

आयोगले आ.व.२०७८/०७९ को २०७८ माघ १ गतेदेखि चैत्र मसान्तसम्मको त्रैमासिक अवधिमा आफ्ना स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आयोगबाट सम्पन्न भएका मुख्य कार्यक्रम, अनुगमन तथा अन्य गतिविधिहरु देहाय बमोजिम रहेका छन् :

## २०७८ माघ १ गतेदेखि चैत्र मसान्तसम्ममा राष्ट्रिय महिला आयोगले सम्पादन गरेका गतिविधिहरू

### माघ

३ माघ, बैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षा र सेवाको सुनिश्चितताका विषयमा श्रम तथा रोजगार मन्त्रालय, श्रम विभाग सहित अन्य सरोकारवाला निकायसँग कार्यशाला गोष्ठी सम्पन्न गरिएको ।

२१ माघ, मिति २०७८ माघ २१ गते राष्ट्रिय महिला आयोगको संवैधानिक हैसियत प्राप्त भए पश्चात पदाधिकारी नियुक्तिको एक वर्ष पुरा भएको अवसरमा राष्ट्रिय महिला आयोगमा पदाधिकारीको नियुक्ति पश्चातको १ वर्षभित्र (२०७७ माघ २१ देखि, २०७८ माघ २०) सम्म सम्पन्न भएका कार्यहरुको सम्बन्धमा विभिन्न सञ्चार माध्यममा आबद्ध पत्रकारहरुको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

२७ माघ, गाउँ/नगर पालिका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष जि.स.स.का पदाधिकारीहरू, प्रजिअ, सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, संचारकर्मीहरुको उपस्थितिमा मिति २०७८।११।२७ गते लुम्बिनी प्रदेशको कपिलवस्तुमा समाजमा विद्यमान हानिकारक अभ्यासहरु बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरु सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको।

१० चैत्र, कैलाली जिल्लामा सरोकारवाला निकाय तथा स्थानीय निकायहरूको उपस्थितिमा मिति २०७८।१२।१० हानिकारक अभ्यासहरू सम्बन्धमा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको।

१४ चैत्र, महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता सशक्तीकरणका लागि राजनीतीक पार्टीका प्रमुख प्रतिनीधिसंग अन्तर्क्रिया कार्यक्रम प्रदेश नं १ को  इटहरीमा गरिएको।

१५ चैत्र, सुर्खेत जिल्लामा महिलाको नीतिगत पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणको लागि मिति २०७८ चैत्र १५ गते राजनीतिक पार्टीका प्रमुखहरू तथा प्रतिनिधिसँग प्रदेश स्तरीय कार्यक्रम सञ्चालन गरिएको ।

१६ चैत्र, दैलेख जिल्लामा रहेका विभिन्न स्थानीय तह, न्यायिक समिति, विभिन्न संघ-संस्था तथा सरोकारवाला निकायहरुको उपस्थितिमा मिति २०७८।१२।१६ गते अन्तरक्रिया तथा छलफल सम्पन्न भएको ।

२० चैत्र, कैलाली, प्रदेश तथा जिल्लास्तरीय राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधीहरु, महिला हक अधिकारक्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधी, नगर/ गाउँपालिकाका प्रमुख- उपप्रमुखहरुको उपस्थितिमा धनगढीमा मिति २०७८।१२।२० गते अन्तरक्रिया तथा छलफल सम्पन्न भएको ।

२१ चैत्र, चुनाव नजिकिदै रहेको र शासन प्रणालीलाई लैङ्गिक समानता र प्रतिनिधिमूलक बनाउनका साथै महिलाको नीतिगत तहमा पहूँच स्थापित गराउन निर्वाचन महत्वपूर्ण हुने हुँदा महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणको लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य वृद्धि गर्ने उद्देश्यका साथ राजनैतिक पार्टीका प्रमुख तथा प्रतिनिधिसँग मिति २०७८।१२।२१ गते प्रदेश स्तरीय अनतर्क्रिया कार्यक्रम गण्डकी प्रदेशको पोखरामा सम्पन्न भएको ।

१९, २३, २५ चैत्र, महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिला राजनीतिक सहभागिता र सशक्तिकरणको लागि प्रदेश तथा जिल्लास्तरीय राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधीहरु, महिला हक अधिकारक्षेत्रमा कार्यरत संघसंस्था प्रतिनिधी नगर/ गाउँ पालिका प्रमुख, उपप्रमुखहरुको उपस्थितिमा  मिति २०७८।१२।१९ गते वुटवल, २३ गते काठमाण्डौ र चैत्र २५ गते सर्लाहीमा अन्तरक्रिया तथा छलफल सम्पन्न भएको ।

अध्ययन, अनुसन्धान तथा प्रकाशन

महिला आयोगबाट प्रकाशित पुस्तक ***नेपालमा महिलाको अवस्था*** को मिति २०७८।११।२३ गते एक कार्यक्रमको माझ विभिन्न आयोगका माननीय सदस्य तथा सचिवज्यूहरू, गैर-सरकारी संघ-संस्थाका प्रतिनिधि तथा विज्ञहरुसँगको उपस्थितिमा पुस्तकककको बिमोचन गरिएको छ।

**११ राष्ट्रिय महिला आयोगको वेवसाइट**

www.nwc.gov.np र e-mail सम्पर्क info@nwc.gov.np रहेको छ ।

**१२ राष्ट्रिय महिला आयोगले प्राप्त गरेको वैदेशिक सहायता सम्वन्धी विवरण :**

**१३ सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली**

– प्रचलित कानून बमोजिम दिन मिल्ने सबै प्रकारको सूचनाहरु उपलब्ध गराउने गरिएको ।

**१४ सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय**

– माग भए अनुसारको सूचना उपलब्ध गराउने गरिएको ।

**१५ सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**

– महत्त्वपूर्ण सूचनाहरु आयोगको बेबसाइटमा पनि राख्ने गरिएको ।

**१६ २०७८ माघ १ गतेदेखि चैत्र मसान्तसम्मको आर्थिक विवरण**

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

माघ महिनाको

**म. ले. प. फा. न. २१३**

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** राष्ट्रिय महिला आयोग[२२२०००११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | १४,४००,०००.०० | ०.०० | ६,७६८,७७९.८० | ९३८,१४४.९० | ७,७०६,९२४.७० | ०.०० | ७,७०६,९२४.७० | ६,६९३,०७५.३० |
| २११२१ | पोशाक | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | ६००,०००.०० | ०.०० | २४८,०००.०० | ४०,८००.०० | २८८,८००.०० | ०.०० | २८८,८००.०० | ३११,२००.०० |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ४९,६००.०० | ८,४००.०० | ५८,०००.०० | ०.०० | ५८,०००.०० | ४२,०००.०० |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | १२९,१४५.०० | १३,४५५.०० | १४२,६००.०० | ०.०० | १४२,६००.०० | १,१५७,४००.०० |
| २२११२ | संचार महसुल | नेपाल सरकार | नगद | १,०००,०००.०० | ०.०० | २४९,०००.०० | ३४४,५५०.०० | ५९३,५५०.०० | ०.०० | ५९३,५५०.०० | ४०६,४५०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | ९२०,३८२.०० | १२६,४८०.०० | १,०४६,८६२.०० | ३००,०००.०० | ७४६,८६२.०० | १५३,१३८.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | १,४००,०००.०० | -१७,०९०.०० | ६६५,०५१.०० | ०.०० | ६६५,०५१.०० | ०.०० | ६६५,०५१.०० | ७३४,९४९.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | ४,०००.०० | ०.०० | ४,०००.०० | ३५०,०००.०० | -३४६,०००.०० | ३९६,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | नगद | २,०००,०००.०० | ०.०० | १,१३७,१३३.०० | १८८,१२५.०० | १,३२५,२५८.०० | २५,०००.०० | १,३००,२५८.०० | ६७४,७४२.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | १४,९५०.०० | १८,९००.०० | ३३,८५०.०० | ०.०० | ३३,८५०.०० | १६६,१५०.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | ७००,०००.०० | ०.०० | १५१,७९०.०० | ३१,७६७.०० | १८३,५५७.०० | ०.०० | १८३,५५७.०० | ५१६,४४३.०० |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | १८,०००.०० | १८,०००.०० | ३६,०००.०० | ०.०० | ३६,०००.०० | १,१६४,०००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | ८४,७००.०० | १२०,७००.०० | २०५,४००.०० | ०.०० | २०५,४००.०० | १९४,६००.०० |
| [illegible] | | | | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | ३,८००,०००.०० | २३,५१८,३३९.७० | ६३,४८१,६६०.३० |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | नगद | ४,३००,०००.०० | ०.०० | २,२२९,०१०.०० | ३१८,४३०.०० | २,५४७,४४०.०० | ०.०० | २,५४७,४४०.०० | १,७५२,५६०.०० |
| २२४१९ | अन्य सेवा शुल्क | नेपाल सरकार | नगद | ६,५००,०००.०० | ०.०० | ३,३८९,७४०.०० | ४९०,७३०.०० | ३,८८०,४७०.०० | ०.०० | ३,८८०,४७०.०० | २,६१९,५३०.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | नगद | ९००,०००.०० | ०.०० | २५६,८३२.०० | ७५,०००.०० | ३३१,८३२.०० | ४६५,०००.०० | -१३३,१६८.०० | ५६८,१६८.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोधभर्ना हुने अनुदान | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | ३४,७००,०००.०० | ०.०० | ६,४८७,४१२.०० | ६३५,०८६.०० | ७,१२२,४९८.०० | २,६६०,०००.०० | ४,४६२,४९८.०० | २७,५७७,५०२.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | नेपाल सरकार | नगद | १,७००,०००.०० | ०.०० | ४७९,१२०.०० | ९७,७४२.०० | ५७६,८६२.०० | ०.०० | ५७६,८६२.०० | १,१२३,१३८.०० |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २२७११ | विविध खर्च | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | ४२१,२१५.०० | १४८,१७०.०० | ५६९,३८५.०० | ०.०० | ५६९,३८५.०० | ७३०,६१५.०० |
| २६४१३ | अन्य संस्थालाई अनुदान— सःशर्त | नेपाल सरकार | नगद | १०,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,०००,०००.०० |
| २८१४२ | घर भाडा | नेपाल सरकार | नगद | ५,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,३००,०००.०० |
| | कुल जम्मा | | | ९०,८००,०००.०० | -१७,०९०.०० | २३,७०३,८५९.८० | ३,६१४,४७९.९० | २७,३१८,३३९.७० | ३,८००,०००.०० | २३,५१८,३३९.७० | ६३,४८१,६६०.३० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | |

**तयार गर्ने :-**

**पेश गर्ने :-**

**स्वीकृत गर्ने :-**

राष्ट्रिय महिला आयो
भद्रकाली प्लाजा, काठ

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

## शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

फाल्गुन महिनाको

**म. ले. प. फा. न. २१३**

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** राष्ट्रिय महिला आयोग[२२२०००११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | १४,४००,०००.०० | ०.०० | ७,७०६,९२४.७० | १,०४९,०६७.९० | ८,७५५,९९२.६० | ०.०० | ८,७५५,९९२.६० | ५,६४४,००७.४० |
| २११२१ | पोशाक | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | ६००,०००.०० | ०.०० | २८८,८००.०० | ४४,०००.०० | ३३२,८००.०० | ०.०० | ३३२,८००.०० | २६७,२००.०० |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ५८,०००.०० | ८,८००.०० | ६६,८००.०० | ०.०० | ६६,८००.०० | ३३,२००.०० |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | १४२,६००.०० | -१५,०००.०० | १२७,६००.०० | ०.०० | १२७,६००.०० | १,१७२,४००.०० |
| २२११२ | संचार महसुल | नेपाल सरकार | नगद | १,०००,०००.०० | ०.०० | ५९३,५५०.०० | ५००.०० | ५९४,०५०.०० | ०.०० | ५९४,०५०.०० | ४०५,९५०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | १,०४६,८६२.०० | -१०५,२९४.०० | ९४१,५६८.०० | ३००,०००.०० | ६४१,५६८.०० | २५८,४३२.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | १,४००,०००.०० | -१७,०९०.०० | ६६५,०५१.०० | २४६,०७०.०० | ९११,१२१.०० | ०.०० | ९११,१२१.०० | ४८८,८७९.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | ४,०००.०० | -२,०००.०० | २,०००.०० | ३५०,०००.०० | -३४८,०००.०० | ३९८,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | नगद | २,०००,०००.०० | ०.०० | १,३२५,२५८.०० | -१९,०६४.०० | १,३०६,१९४.०० | २५,०००.०० | १,२८१,१९४.०० | ६९३,८०६.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ३३,८५०.०० | ८,०७५.०० | ४१,९२५.०० | ०.०० | ४१,९२५.०० | १५८,०७५.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | ७००,०००.०० | ०.०० | १८३,५५७.०० | -१६,०००.०० | १६७,५५७.०० | ०.०० | १६७,५५७.०० | ५३२,४४३.०० |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | ३६,०००.०० | ०.०० | ३६,०००.०० | ०.०० | ३६,०००.०० | १,१६४,०००.०० |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | २०५,४००.०० | ०.०० | २०५,४००.०० | ०.०० | २०५,४००.०० | १९४,६००.०० |
| २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | नगद | ४,३००,०००.०० | ०.०० | २,५४७,४४०.०० | ३१८,४३०.०० | २,८६५,८७०.०० | ०.०० | २,८६५,८७०.०० | १,४३४,१३०.०० |
| २२४१९ | अन्य सेवा शुल्क | नेपाल सरकार | नगद | ६,५००,०००.०० | ०.०० | ३,८८०,४७०.०० | ४६०,५३०.०० | ४,३४१,०००.०० | ०.०० | ४,३४१,०००.०० | २,१५९,०००.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | नगद | ९००,०००.०० | ०.०० | ३३१,८३२.०० | ०.०० | ३३१,८३२.०० | ४६५,०००.०० | -१३३,१६८.०० | ५६८,१६८.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | वर्ल्ड बैक - ट्रष्ट कोष | सोधभर्ना हुने अनुदान | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | ३४,७००,०००.०० | ०.०० | ७,१२२,४९८.०० | ८९८,५३३.०० | ८,०२१,०३१.०० | २,६६०,०००.०० | ५,३६१,०३१.०० | २६,६७८,९६९.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | नेपाल सरकार | नगद | १,७००,०००.०० | ०.०० | ५७६,८६२.०० | १४,१५५.०० | ५९१,०१७.०० | ०.०० | ५९१,०१७.०० | १,१०८,९८३.०० |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २२७११ | विविध खर्च | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | ५६९,३८५.०० | ३३,५८०.०० | ६०२,९६५.०० | ०.०० | ६०२,९६५.०० | ६९७,०३५.०० |
| २६४१३ | अन्य संस्थालाई अनुदान—सःशर्त | नेपाल सरकार | नगद | १०,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,०००,०००.०० |
| २८१४२ | घर भाडा | नेपाल सरकार | नगद | ५,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,३००,०००.०० |
| कुल जम्मा | | | | ९०,८००,०००.०० | -१७,०९०.०० | २७,३१८,३३९.७० | २,९२४,३८२.९० | ३०,२४२,७२२.६० | ३,८००,०००.०० | २६,४४२,७२२.६० | ६०,५५७,२७७.४० |
| अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | | |

**तयार गर्ने :-** **पेश गर्ने :-** **स्वीकृत गर्ने :-**

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

## शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

चैत्र महिनाको

राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाडौं

**म. ले. प. फा. न. २१३**

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** राष्ट्रिय महिला आयोग[२२२०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | १४,४००,०००.०० | ०.०० | ८,७५५,९९२.६० | १,१३७,७३९.०८ | ९,८९३,७३१.६८ | ०.०० | ९,८९३,७३१.६८ | ४,५०६,२६८.३२ |
| २११२१ | पोशाक | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | ०.०० |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | ६००,०००.०० | ०.०० | ३३२,८००.०० | ४७,४००.०० | ३८०,२००.०० | ०.०० | ३८०,२००.०० | २१९,८००.०० |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | नगद | १००,०००.०० | ०.०० | ६६,८००.०० | ९,०८०.०० | ७५,८८०.०० | ०.०० | ७५,८८०.०० | २४,१२०.०० |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | १२७,६००.०० | ९४,६८०.०० | २२२,२८०.०० | ०.०० | २२२,२८०.०० | १,०७७,७२०.०० |
| २२११२ | संचार महसुल | नेपाल सरकार | नगद | १,०००,०००.०० | ०.०० | ५९४,०५०.०० | ३,९००.०० | ५९७,९५०.०० | ०.०० | ५९७,९५०.०० | ४०२,०५०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | ९४१,५६८.०० | १५५,१५९.०० | १,०९६,७२७.०० | ३००,०००.०० | ७९६,७२७.०० | १०३,२७३.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | १,४००,०००.०० | -१७,०९०.०० | ९११,१२१.०० | ४७,५६४.०० | ९५८,६८५.०० | ०.०० | ९५८,६८५.०० | ४४१,३१५.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | २,०००.०० | ३५०,०००.०० | ३५२,०००.०० | ३५०,०००.०० | २,०००.०० | ४८,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | नगद | २,०००,०००.०० | ०.०० | १,३०६,१९४.०० | १४६,९२७.०० | १,४५३,१२१.०० | २५,०००.०० | १,४२८,१२१.०० | ५४६,८७९.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | २८,६७५.०० | २८,६७५.०० | ०.०० | २८,६७५.०० | २७१,३२५.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | नगद | २००,०००.०० | ०.०० | ४१,९२५.०० | १५५,६७४.०० | १९७,५९९.०० | ०.०० | १९७,५९९.०० | २,४०१.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | ७००,०००.०० | ०.०० | १६७,५५७.०० | ७७,२५५.०० | २४४,८१२.०० | ०.०० | २४४,८१२.०० | ४५५,१८८.०० |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | नगद | १,२००,०००.०० | ०.०० | ३६,०००.०० | ०.०० | ३६,०००.०० | ०.०० | ३६,०००.०० | १,१६४,०००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपाल सरकार | नगद | ४००,०००.०० | ०.०० | २०५,४००.०० | ०.०० | २०५,४००.०० | ०.०० | २०५,४००.०० | १९४,६००.०० |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | स्रोत व्यहोर्ने संस्था | प्रकार ( नगद / ऋण / अनुदान ) | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | नगद | ४,३००,०००.०० | ०.०० | २,८६५,८७०.०० | ४६८,४३०.०० | ३,३३४,३००.०० | ०.०० | ३,३३४,३००.०० | ९६५,७००.०० |
| २२४१९ | अन्य सेवा शुल्क | नेपाल सरकार | नगद | ६,५००,०००.०० | ०.०० | ४,३४१,०००.०० | ५८०,५३०.०० | ४,९२१,५३०.०० | ०.०० | ४,९२१,५३०.०० | १,५७८,४७०.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | नगद | ९००,०००.०० | ०.०० | ३३१,८३२.०० | ०.०० | ३३१,८३२.०० | ४६५,०००.०० | -१३३,१६८.०० | ५६८,१६८.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | वर्ल्ड बैंक - ट्रष्ट कोष | सोधभर्ना हुने अनुदान | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | ३४,७००,०००.०० | ०.०० | ८,०२१,०३१.०० | १,९२७,५८२.०० | ९,९४८,६१३.०० | २,६६०,०००.०० | ७,२८८,६१३.०० | २४,७५१,३८७.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | नेपाल सरकार | नगद | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | नेपाल सरकार | नगद | १,७००,०००.०० | ०.०० | ५९१,०१७.०० | १३८,४६१.०० | ७२९,४७८.०० | ०.०० | ७२९,४७८.०० | ९७०,५२२.०० |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | नगद | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० |
| २२७११ | विविध खर्च | नेपाल सरकार | नगद | १,३००,०००.०० | ०.०० | ६०२,९६५.०० | ११०,९०२.०० | ७१३,८६७.०० | ०.०० | ७१३,८६७.०० | ५८६,१३३.०० |
| २६४१३ | अन्य संस्थालाई अनुदान—सःशर्त | नेपाल सरकार | नगद | १०,०००,०००.०० | ०.०० | ०.०० | १,०००,०००.०० | १,०००,०००.०० | ०.०० | १,०००,०००.०० | ९,०००,०००.०० |
| २८१४२ | घर भाडा | नेपाल सरकार | नगद | ५,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,३००,०००.०० |
| कुल जम्मा | | | | ९०,८००,०००.०० | -१७,०९०.०० | ३०,२४२,७२२.६० | ६,६७९,९५८.०८ | ३६,९२२,६८०.६८ | ३,८००,०००.०० | ३३,१२२,६८०.६८ | ५३,८७७,३१९.३२ |
| अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | | | | |

तयार गर्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-

राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाडौं